# गेरुवा गाउँपालिका
# २०७४

## उन्नाईसौं कार्यपालिका बोर्ड बैठक
**७ बैशाख, २०७४**

| | | |
|---|---|---|
| गाउँपालिका | : | गेरुवा गाउँ कार्यपालिकाको कार्यालय |
| स्थान | : | पशुपतिनगर,बर्दिया |
| प्रदेश | : | ५ नं. प्रदेश, नेपाल |

**आज मिति २०७४ साल बैशाख ७ गतेका दिन गेरुवा गाउँपालिकाका अध्यक्ष श्री जमानसिंह के.सी. ज्यू को अध्यक्षतामा कार्य पालिकाको अठारौं बोर्ड बैठक बस्यो, उपस्थिति तथा निर्णय देहाय वमोजिम छ।**

**उपस्थिति**

| | | | |
|---|---|---|---|
| श्री जमान सिंह के.सी. | - | अध्यक्ष | सभाध्यक्ष |
| श्री हिमा कुमारी थरुनी | - | उपाध्यक्ष | सदस्य |
| श्री दयाराम बैद्य थारु | - | वडाअध्यक्ष, वडानं. १ | ,, |
| श्री आलोक कुमार थारु | - | वडाअध्यक्ष, वडानं. २ | ,, |
| श्री पुनाराम थारु | - | वडाअध्यक्ष, वडानं. ३ | ,, |
| श्री बल बहादुर चलाउने | - | वडाअध्यक्ष, वडानं. ४ | ,, |
| श्री धर्म प्रकाश थारु | - | वडाअध्यक्ष, वडानं. ५ | ,, |
| श्री टेक बहादुर चौधरी | - | वडाअध्यक्ष, वडानं. ६ | ,, |
| श्री शान्ती चौधरी | - | सदस्य | ,, |
| श्री राजु बडुवाल खत्री | - | सदस्य | ,, |
| श्री चन्द्ररुपा कामी | - | सदस्य | ,, |
| श्री मोवीला शर्मा पौडेल | - | सदस्य | ,, |
| श्री लक्षिण बहादुर नेपाली | - | सदस्य | ,, |
| श्री बम बहादुर वि क. | - | सदस्य | ,, |
| श्री भीम बहादुर खत्री | - | प्रमुख प्रशासकीय अधिकृत | सदस्य-सचिव |

**प्रस्तावहरु**

**१ योजनाहरुको प्रगति तथा अनुगमन सम्बन्धमा**

**२ सिलिङ निर्देशन तथा सुत्र प्रणालीका आधारमा कार्यक्रम प्रस्ताव/संकलन तथा एकिकृत योजना तयार पार्ने सम्बन्धमा**

**३ मेशिनरी सामान तथा गाडी खरिद सम्बन्धमा**

**४ परिसर सुधार तथा मर्मत सम्बन्धमा**

**५ करार सेवा निर्देशिका स्वीकृति गर्ने**

**६ प्रहरी चौकी माग गर्ने सम्बन्धमा**

**७ काज सरुवा बदर गरि दिन माग गर्ने सम्बन्धमा**

**बिबिध**

**(क) गाउँसभा मिति सम्बन्धमा**

**(ख) नियमित बोर्डबैठक बस्ने सम्बन्धमा**

## निर्णयहरु :-

**१ योजनाहरुको प्रगति तथा अनुगमन सम्बन्धमा**

प्रस्ताव नं. १ माथी छलफल गर्दा हरेक वडामा सञ्चालन भएका योजनाहरुको वडा अनुगमन समिति र गाउँपालिका स्तरीय अनुगमन समिति परिचालन गरी सवै योजनाहरु स्तरीय रुपमा सम्पादन गराउन तदारुकता देखाउनका लागि वडा स्तरीय अनुगमान समिति र गाउँपालिका स्तरीय अनुगमन समितिहरुले अनुगमन, मुल्याङकन गरी कार्य सम्पन्न प्रतिवेदन गर्न लगाउने कार्यमा सम्बद्ध सवै सकृय रहने निर्णय गरियो ।

**२ सिलिङ निर्देशन तथा सुत्र प्रणालीका आधारमा कार्यक्रम प्रस्ताव/संकलन तथा एकिकृत योजना तयार पार्ने सम्बन्धमा**

प्रस्ताव नं. २ माथी छलफल गर्दा संघीय सरकारबाट प्राप्त सिलिङ र अर्थ मन्त्रालयबाट प्राप्त सुत्र प्रणालीका आधारमा स्थानीय स्तरका योजनाहरु संकलन गरी एकिकृत योजना तयार गर्ने निर्णय गरियो ।

**३ मेशिनरी सामान तथा गाडी खरिद सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथी छलफल गर्दा देहाय वमोजिम गर्ने निर्णय गरियो ।

(क) स्वायल कप्पेक्टर रोलर खरिद गर्ने सम्बन्धमा रित नपुगि बदर भएकोले छिटो प्रकृयाद्धारा १५ दिने प्रत्यक्ष सूचना गरी उपयुक्त मेशिनरी सामान खरिद गर्न समितिलाई निर्देशन दिने निर्णय गरियो ।

(ख) टेण्डर स्वीकृत भएका र मुल्याङकन समितिबाट प्राविधिक र आर्थिक मुल्याङकनमा सफल प्राथमिकता क्रम अनुसार सिफारीश भएका मेशिनरी सामानहरुका सम्बन्धमा नेपाल भर सरकारी निकायहरुमा सवैभन्दा बढि बिक्रि भएका र बजार माग बढि भएका साथै कर रेमिटान्स बढि भएका मध्येबाट छनौट गरी सवै भन्दा बलियो मेशिनरी सामान खरिद गर्नका लागि प्रस्ताव गरी पेश गर्ने निर्णय गरियो ।

**४ रकमान्तर सम्बन्धमा**

प्रस्ताव नं. ४ माथी छलफल गर्दा भवन निर्माण शिर्षकमा विनियोजित रकम रु.२०,००,०००।-का सम्बन्धमा सम्झौता अनुसारको विस्तृत् भवन निर्माण योजना निर्माण खर्च गरी बांकी रकम देहाय वमोजिम गर्ने निर्णय गरियो ।

**(क) परिसर सुधार तथा मर्मत सम्बन्धमा**

गेरुवा गाउँपालिका कार्यालय परिसर सुधार, घरोपर्खाल र गाडी ग्यारेज तथा कार्यालय सञ्चालन व्यवस्था गर्नका लागि रु.४०,००,०००।- रकम विनियोजन गर्न गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**(ख) विकाश निर्माण तथा मर्मत सम्बन्धमा**

बाँकी रहेको रकमबाट गाउँपालिका भित्रका विकाश निर्माण कार्यमा प्राथमिकताका आधारमा खर्च गर्ने गरी रकमान्तर गर्ने गरी गाउँ सभामा कार्यक्रम सहित प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**५ करार सेवा नियमावली स्वीकृति गर्ने**

प्रस्ताव नं. ५ माथी छलफल गर्दा गेरुवा गाउँपालिकाको करार सेवा नियमावली,२०७४ स्वीकृत गर्ने निर्णय गरियो ।

**६ प्रहरी चौकी माग गर्ने सम्बन्धमा**

प्रस्ताव नं. ६ माथी छलफल गर्दा गेरुवा गाउँपालिका वडानं.५ स्थित कार्यपालिकाको कार्यालय रहेको स्थान पाताभार ईलाका प्रहरी कार्यालयबाट करीव ९ कि.मी. दुरीमा र मनाउ प्रहरी चौकी रहेको स्थानबाट करीव ६ कि.मी दुरीमा रहेको स्थानमा नेपाल सरकारबाट निर्देशित मेगा बैंक लि. समेत स्थापना भई सकेको तर सुरक्षाको दृष्टिकोणले अत्यन्त सम्वेदनसिल रहेकोले कार्यालय तथा बैंक सुरक्षा सम्वेदनसिलतालाई बिचार गरी अविलम्ब प्रहरी चौकी स्थापना गरि दिने व्यवस्था हुन जिल्ला सुरक्षा समितिमा अनुरोध गर्ने निर्णय गरियो ।

**७ काज सरुवा बदर गरि दिन माग गर्ने सम्बन्धमा**

प्रस्ताव नं. ७ माथी छलफल गर्दा गेरुवा गाउँ कार्यपालिका कार्यालयका प्रमुख प्रशासकीय अधिकृत श्री भीम बहादुर खत्रीलाई स्थानीय विकाश तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७४/१२/२९ को निर्णयबाट कमलबजार नगरपालिका, अछाममा काज सरुवा गरिएको देखिएकोले उक्त कार्यबाट यस गाउँपालिकाको चालु विकाश निर्माण तथा कार्यक्रम कार्य योजनाहरु कार्यान्वयनमा प्रत्यक्ष असर पर्ने भएकोले सो काज सरुवा बदर गरि दिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**बिबिध**

**(क) गाउँसभा मिति सम्बन्धमा**

(क) चालु गाउँसभाको बैठक मिति २०७५/१/२२ गते २.०० बस्ने निर्णय गरियो ।

**(ख) आगामी बोर्ड बैठक बस्ने सम्बन्धमा**

(ख) २०७५/१/२२ गते विहान ८ बजे यस गाउँ कार्यपालिकाको बोर्डको नियमित २०औं बोर्ड बैठक बसी गाउँ सभामा पेश गर्ने कार्यक्रहरु स्वीकृत गर्ने निर्णय गरियो ।